प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली
नेपाल

पत्र संख्याः
चलानी नम्बरः

मिति :

## विज्ञप्ति

सुदूरपश्चिम प्रदेशमा कोरोना भाइरस (COVID-19) को प्रकोप नियन्त्रणका लागि पूर्व तयारी, रोगको पहिचान तथा नियन्त्रण एवम् कोरोना भाइरस प्रभावितहरुको प्रभावकारी उपचार प्रबन्धका लागि प्रदेश सरकारले निरन्तर परीक्षण, नियन्त्रण तथा उपचार लगायतका कार्य गर्न आवश्यक पर्ने खर्चको शीघ्र व्यवस्थापन गर्दै आएको छ ।कोरोना महामारी विरुद्ध प्रदेशका विभिन्न निकायलाई परिचालन तथा व्यवस्थापन गर्दै सहयोग गर्न सुदूरपश्चिम प्रदेश कोरोना भाइरस (COVID-19) रोगको जोखिम नियन्त्रण, उपचार तथा व्यवस्थापन कोष परिचालन गरिएको छ।सुदूरपश्चिम प्रदेश कोरोना भाइरस (COVID-19) रोगको जोखिम नियन्त्रण, उपचार तथा व्यवस्थापन कोष (स्थापना तथा सञ्चालन) निर्देशिका, २०७६ को दफा ६ को उपदफा (१) बमोजिम गठित कोष परिचालन तथा व्यवस्थापन समितिका संयोजक माननीय आन्तरिक मामिला तथा कानून मन्त्रीज्यूको संयोजकत्वमा मिति २०७७/३/३१ गतेदेखि २०७८/२/२५ गतेसम्म बसेको समितिको विभिन्न वैठकबाट देहाय बमोजिमको निर्णय भएको छ।

### मिति २०७७/३/३१ गतेको निर्णय-

१. कोरोना भाइरस रोगको परीक्षण गर्न प्रयोगशालाको लागि आवश्यक उपकरण र सोको लागि आवश्यक दक्ष जनशक्ति काठमाण्डौंबाट सुदूरपश्चिम प्रदेश, धनगढी सम्म विशिष्ट उडान सेवामा भएको नेपाली सेनाको बेल हेलिकप्टर उपलब्ध गराए वापत लागेको हवाई भाडा रु. ७ लाख ३९ हजार ५ सय ५० मात्र नेपाली सैनिक विमान चार्टर उडान विकास समिति त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौचर काठमाण्डौंले प्राप्त गर्ने गरी भुक्तानी गरिएको ।

२. प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७७/३/२५ को निर्णय बमोजिम कोभिड-१९ महामारीको रुपमा रहेको समयमा छिमेकी राष्ट्र भारतका विभिन्न स्थानबाट त्रिनगर भन्सार नाका हुँदै स्वदेश फर्केका नेपाली नागरिकहरुलाई खानपिन र पानी खाजा समेतको व्यवस्थाका लागि रु. ३५ लाख स्वास्थ्य कार्यालय, कैलालीलाई निकासा गरी पाउन सामाजिक विकास मन्त्रालयबाट लेखी आएको सन्दर्भमा प्रचलित कानूनको विधि प्रकृया अवलम्बन सहित दोहोरो नपर्ने गरी खर्च व्यववस्थापन गर्ने शर्तमा सुदूरपश्चिम प्रदेश कोरोना भाइरस रोगको जोखिम नियन्त्रण, उपचार तथा व्यवस्थापन कोषबाट स्वास्थ्य कार्यालय कैलालीलाई रु. ३२ लाख निकासा दिइएको ।

### मिति २०७७/११/२९ गतेको निर्णय -

१. घुमन्ते, मगन्ते, भूमिहीन वादी अधिकार संघर्ष समितिले कोरोना भाइरस (कोभिड-१९) रोगको जोखिम नियन्त्रण, उपचार तथा व्यवस्थापन कोष समक्ष दैनिक गुजारा चलाउन नसकिने अवस्था भएको हुँदा आर्थिक सहयोग उपलब्ध गराईदिने भनी पेश गरेको निवेदन सम्बन्धमा उक्त संघर्ष समितिले मन्त्रालयमा पेश गरेको सूची यकिन गरी प्रतिव्यक्ति (एक परिवारको एक जना) रु. ६ हजारका दरले सम्बन्धित जिल्ला प्रशासन कार्यालयमार्फत निकासा प्रदान गरिएको ।

टेलिफोन : ०९१५२२५९८, ०९१५२३९५७, ०९१२७२३२, ०९१५२५९६१, ०९१५२३६८५, ०९१५२५३४३, फ्याक्स : ०९१५२५३४३, टोल फ्री नं.:१६६०९१५२२७२
Website:www.p7ocmcm.gov.np

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली
नेपाल

पत्र संख्याः
चलानी नम्बरः
मिति :

**मिति २०७७/१२/११ गतेको निर्णय –**

बोलन्या थली नामक संस्थाले कोभिड-१९ महामारीको समयमा कैलाली जिल्लाको गौरीफन्टा नाका हुँदै छिमेकी मुलुक भारतबाट आएका व्यक्तिहरुलाई निःशुल्क स्वास्थ्य सामग्री, रोगबाट बच्न सुरक्षा सामग्री सेवा सञ्चालन, निःशुल्क क्वारेन्टिन लगायतका सेवा प्रदान गरेकोमा उक्त संस्थाले सामाजिक विकास मन्त्रालय सुदूरपश्चिम प्रदेशबाट भुक्तानी पाउने गरी रु. ३ लाख ५२ हजार सहयोग स्वरुप कोभिड-१९ कोषबाट निकासा दिइएको ।

**मिति २०७८/१/१६ गतेको निर्णय -**

१. सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयलाई स्वास्थ्य सुरक्षा सामग्री खरिदका लागि रु. ५ लाख निकासा गरिएको ।
२. सशस्त्र प्रहरी बल नेपाल, नं. ३४ गण हेड क्वाटरलाई सीमा नाकामा खटिने सुरक्षाकर्मीका लागि आवश्यक स्वास्थ्य सुरक्षा सामग्री खरिद गर्न रु. २ लाख निकासा गरिएको ।
३. बाजुरा सामुदायिक हस्पिटल एण्ड रिसर्च सेन्टरलाई आईसोलेसन सञ्चालन तथा कोभिड-१९ रोकथाम सम्बन्धमा आवश्यक व्यवस्थापनको लागि रु. १० लाख निकासा गरिएको ।
४. सेती प्रादेशिक अस्पताल, प्रादेशिक आयुर्वेदिक चिकित्सालय, टिकापुर अस्पताल र स्वास्थ्य कार्यालय कैलालीलाई रु. ५ लाखका दरले उपलब्ध गराउन सामाजिक विकास मन्त्रालयलाई जम्मा रु. २० लाख निकासा गरिएको ।

**मिति २०७८/१/२८ गतेको निर्णय -**

१. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ नियन्त्रण तथा व्यवस्थापनका सन्दर्भमा यस प्रदेशभित्र अत्यावश्यक स्वास्थ्य सामग्री, अक्सिजन सिलिण्डर, अक्सिजन कन्सनट्रेटर लगायतका सामग्रीको व्यवस्थापनका लागि निम्न शीर्षकमा तपसील बमोजिम खर्च गर्ने गरी सामाजिक विकास मन्त्रालयलाई बजेट निकासा गरिएको ।
   - अक्सिजन कन्सन्ट्रेटर १५० थान खरिद गर्ने प्रयोजनका लागि रु. १ करोड ४५ लाख ।
   - टिकापुर अस्पतालको लागि अक्सिजन सिलिण्डर खरिद गर्न रु. २० लाख ।
   - महाकाली अस्पतालको लागि अक्सिजन सिलिण्डर खरिद गर्न रु. २० लाख ।
   - प्रदेश स्वास्थ्य आपूर्ति केन्द्रलाई व्यक्तिगत सुरक्षा सामाग्री खरिद गर्न रु. १ करोड ।
   - स्वास्थ्य कार्यालय, कैलालीलाई अक्सिजन सिलिण्डर खरिद गर्न रु. २० लाख ।
   - स्वास्थ्य कार्यालय, कञ्चनपुरलाई अक्सिजन सिलिण्डर खरिद गर्न रु. १० लाख ।
   - स्वास्थ्य निर्देशनालय, दिपायललाई अक्सिजन सिलिण्डर, अक्सिजन कन्सन्ट्रेटर, व्यक्तिगत सुरक्षा सामाग्री लगायत कोभिड-१९ परीक्षण सामग्री खरिदका लागि रु. १ करोड ५० लाख ।
   - डडेल्धुरा अस्पताललाई स्वास्थ्य सुरक्षा सामग्री खरिदका लागि रु. २० लाख ।
   - कोल्टी प्राथमिक स्वास्थ्य केन्द्रलाई स्वास्थ्य सुरक्षा सामग्री खरिदका लागि रु. २० लाख ।
   - टाँटे स्वास्थ्य चौकी, बाजुरालाई स्वास्थ्य सुरक्षा सामग्री खरिदका लागि रु. २० लाख ।
   - न्याय हेल्थ बयलपाटा अस्पताललाई अक्सिजन सिलिण्डर, बेड लगायत स्वास्थ्य सुरक्षा सामग्री खरिद गर्न रु. १ करोड ।

टेलिफोन : ०९१५२२५९८, ०९१५२३९५७, ०९१२७२३२, ०९१५२५९६१, ०९१५२३६८५, ०९१५२५३४३, फ्याक्स : ०९१५२५३४३, टोल फ्री नं.:१६६०९१५२२७२
Website:www.p7ocmcm.gov.np

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
धनगढी, कैलाली
नेपाल

पत्र संख्याः
चलानी नम्बरः
मितिः

- कोभिड-१९ नियन्त्रण तथा व्यवस्थापनको लागि स्वास्थ्य कार्यालय र अस्पतालहरुमा आइसोलेशन व्यवस्थापन लगायतको कार्यका लागि सामाजिक विकास मन्त्रालयलाई रु.२ करोड ।
- कोभिड-१९ नियन्त्रण तथा व्यवस्थापनको लागि आवश्यकताको आधारमा खर्च गर्ने गरी सामाजिक विकास मन्त्रालयलाई रु.२ करोड ।
- सुदूरपश्चिम सामुदायिक अस्पताल, अत्तरिया, कैलालीलाई स्वास्थ्य सुरक्षा सामग्री तथा अक्सिजन सिलिण्डर खरिद गर्न रु. ५ लाख ।
- नेपाली सेनाको फिल्ड अस्पताल, बोराडाँडीलाई भेन्टिलेटर, आई.सि.यू. सञ्चालनका लागि आवश्यक सामग्री खरिद गर्न रु.३० लाख ।
- ह्युमानिटेरियन फाउण्डेशनलाई सरकारी अस्पतालमा मात्र प्रयोग हुने गरी लागत साझेदारीमा सम्झौता बमोजिम हुने गरी अक्सिजन प्लान्ट, अक्सिजन कन्सन्ट्रेटर र अक्सिजन सिलिण्डर खरिद गर्न रु.१ करोड।

२. स्वास्थ्य सुरक्षा सामग्री एवं शववाहन खरिद गर्ने प्रयोजनका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालय मार्फत तपसील बमोजिमका निकायहरुलाई देहाय अनुसारको रकम निकासा गरिएको ।

- धनगढी उपमहानगरपालिकालाई शववाहन खरिद गर्नका लागि रु. २० लाख ।
- प्रदेश प्रहरी कार्यालयलाई रु. १० लाख ।
- सशस्त्र प्रहरी बल नेपाल, सुदूरपश्चिम कार्यालयलाई रु. १० लाख ।
- जिल्ला प्रशासन कार्यालय, कैलाली र कञ्चनपुरलाई रु. १० लाखका दरले जम्मा रु. २० लाख ।
- ७ पहाडी जिल्लालाई रु. ७ लाखका दरले रु. ४९ लाख ।
- जिल्ला प्रहरी कार्यालय, कैलालीलाई रु. ५ लाख ।
- बडिमालिका नगरपालिकालाई लागत साझेदारीमा एम्बुलेन्स खरिद गर्नका लागि रु. १० लाख ।

**मिति २०७८/२/४ गतेको निर्णय -**

१. कोभिड-१९ नियन्त्रण तथा व्यवस्थापनका सन्दर्भमा यस प्रदेशभित्र अत्यावश्यक स्वास्थ्य सामग्री खरिदका साथै अन्य आवश्यक व्यवस्थापन गर्न निम्न शीर्षकमा तपसील बमोजिम खर्च गर्ने गरी सामाजिक विकास मन्त्रालयलाई बजेट निकासा गरिएको ।

- गेटा मेडिकल कलेजमा Isolation Center निर्माणका लागि जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र (DCCMC) कैलालीलाई रु. ५० लाख ।
- कमलवजार नगरपालिका अछामको प्राथमिक स्वास्थ्य चौकीलाई PCR ल्याव सञ्चालन गर्न रु.१५ लाख ।
- जिल्ला अस्पताल अछामलाई अक्सिजन सिलिण्डर साथै अन्य स्वास्थ्य सामग्री व्यवस्थापनका लागि रु. २० लाख ।
- वैतडी अस्पताललाई PCR ल्याव सञ्चालन गर्न रु. १५ लाख।
- रुद्रेश्वर स्वास्थ्य चौकी, बैतडीलाई आवश्यक स्वास्थ्य सुरक्षा सामग्री खरिद गर्नका लागि रु. २० लाख ।

टेलिफोन : ०९१५२२५९८, ०९१५२३९५७, ०९१२७२३२, ०९१५२५९६१, ०९१५२३६८५, ०९१५२५३४३, फ्याक्स : ०९१५२५३४३, टोल फ्री नं.:१६६०९१५२२७२
Website:www.p7ocmcm.gov.np

- शैल्यशिखर नगरपालिका, देथला स्वास्थ्य चौकी दार्चुलालाई स्वास्थ्य सामग्री खरिद र Isolation Center संचालनका लागि रु. २० लाख ।
- दौड स्वास्थ्य चौकी, सायल गाउँपालिका-४ डोटीलाई स्वास्थ्य सामग्री खरिद र Isolation Center सञ्चालनका लागि रु. २० लाख ।
- सहजपुर स्वास्थ्य चौकी, चुरे गाउँपालिका -३ कैलालीलाई रु.१५ लाख र खानिडाँडा स्वास्थ्य संस्था, चुरे गाउँपालिका -५ कैलालीलाई रु. १० लाख ।

२. निम्न शीर्षकमा तपसील बमोजिम खर्च गर्ने गरी आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई बजेट निकासा गरिएको।

- पत्रकार महासंघ डडेलधुरालाई आइसोलेसन व्यवस्थापनका लागि रु. ५ लाख ।
- बडिमालिका डिजिटल रेकर्डिङ्ग स्टुडियो धनगढी कैलालीलाई कोरोना सम्बन्धी जनचेतना जगाउने लोकसंगित तथा जिंगल निर्माण गरी प्रदेशभर प्रशारण गर्नका लागि रु. ५ लाख ।
- आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई अत्यावश्यक स्वास्थ्य सामग्री खरिद लगायत व्यवस्थापनका लागि रु. ५ लाख ।

**मिति २०७८/२/२५ गतेको निर्णय -**

१. कैलाली उद्योग वाणिज्य संघको सभाहल सहितको भवन कोभिड अस्पताल सञ्चालनका लागि प्रतिमहिना रु. ५ लाख ५० हजार (कर सहित) भाडा तिर्ने गरी बढीमा २ महिनाका लागि भाडामा लिन सामाजिक विकास मन्त्रालयलाई रु. ११ लाख निकासा प्रदान गरिएको ।

२. जोरायल गाउँपालिकालाई पालिकाभित्रका स्वास्थ्य चौकीहरुलाई कोरोना भाइरस नियन्त्रणका लागि अक्सिजन सिलिण्डर, अक्सिजन कन्सन्ट्रेटर र अस्पताल वेडमा खर्च गर्ने गरी रु. १० लाख सामाजिक विकास मन्त्रालय मार्फत निकासा प्रदान गरिएको ।

३. के.आई. सिंह गाउँपालिकालाई पालिकाभित्रका स्वास्थ्य चौकीहरुलाई कोरोना भाइरस नियन्त्रणका लागि अक्सिजन सिलिण्डर, अक्सिजन कन्सन्ट्रेटर र अस्पताल वेडमा खर्च गर्ने गरी रु. १० लाख सामाजिक विकास मन्त्रालय मार्फत निकासा प्रदान गरिएको ।

४. सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय र मातहतका कार्यालयका साथै सुदूरपश्चिम प्रदेश प्रहरी अस्पताल, दिपायल समेतका लागि आवश्यक पर्ने स्वास्थ्य सामग्री खरिद गर्न रु. १५ लाख आन्तरिक मामिला तथा कानून मन्त्रालय मार्फत निकासा दिइएको ।

५. सशस्त्र प्रहरी बल नेपाल, नं. ७ वैद्यनाथ वाहिनी मुख्यालयलाई कोरोना भाइरस नियन्त्रणका लागि आवश्यक स्वास्थ्य सामग्री खरिदका लागि रु. ५ लाख आन्तरिक मामिला तथा कानून मन्त्रालय मार्फत निकासा दिइएको ।

मिति- २०७८/२/३०

(विश्वदीप बेस्रा)
उपसचिव एवं प्रवक्ता